# बुटवल उपमहानगरपालिका
# नगरकार्यपालिकाको कार्यालय, बुटवल
## लुम्विनी बस टर्मिनल संचालन तथा व्यवस्थापन का लागि
## आय ठेक्का सम्बन्धी बोलपत्र आव्हानको सूचना

प्रथम पटक सूचना प्रकाशित मिति २०८३।०२।२२

बुटवल उपमहानगरपालिकाको स्वामित्वमा रहेको वडा नं. ०९ स्थित लुम्विनी बस टर्मिनलमा टर्मिनल सेवा प्रयोग गरे वापत सवारी साधनवाट लिईने सेवा शुल्क, सार्वजनिक शौचालय संचालन तथा व्यवस्थापन, मर्मत सम्भार, टर्मिनल परिसर, सार्वजनिक सौचालय तथा स्नान घरको सरसफाई गर्ने, वस टर्मिनल परिसर तथा शौचालय सहितको विद्युत र धारा मर्मत तथा विद्युत र खानेपानी महसुल संचालकले व्यहोर्ने गरी समग्र प्याकेजको ठेक्का वन्दोवस्तीका लागि कानून वमोजिम प्रतिस्पर्धात्मक विधिवाट ठेक्का बन्दोवस्त गरी निजी क्षेत्र मार्फत संचालन तथा व्यवस्थापन गराउनु पर्ने भएकोले तोकिएका शर्त, नियम तथा प्रावधानहरुको परिधि भित्र रही उक्त बस टर्मिनल संचालन तथा व्यवस्थापनको कार्य गर्न इच्छुक नेपाल सरकारबाट इजाजत प्राप्त फर्म, कम्पनीबाट (नियमानुसार करहरु चुक्ता भएको र प्रमाण पत्र नवीकरण भएको) रीत पूर्वकको वोलपत्र आव्हानको सूचना प्रकाशित गरिएकोछ ।

१) विद्युतीय (Electronically) बोलपत्र खरिद गर्न बोलपत्रदाताले बोलपत्र दस्तुर वापत रु ५०००/- (पाँच हजार रुपैया मात्र) (पछि फिर्ता नहुने) राष्ट्रिय बाणिज्य बैंक बुटवल शाखाको आन्तरिक श्रोत बुटवल उप महानगरपालिकाको कार्यालय कोड नं. ८०१०५४८०१ खाता नं. ३१२०१००३०१०१०००२ मा जम्मा गरी वा अन्य बैंक वा वित्तीय संस्थाबाट वा अनलाइन माध्यमबाट उक्त खातामा जम्मा गरी PPMO को Website: www.bolpatra.gov.np बाट Download गरी बोलपत्र फारम प्राप्त गर्न सकिनेछ ।

२) पहिलो पटक सूचना प्रकाशित भएको मितिले २१ दिन वा मिति २०८३/०३/१२ गतेका दिन दिनको १२:०० बजे सम्म वोलपत्रहरु Upload भईसक्नुपर्नेछ । सोही दिन दिनको १:०० बजे बु.उ.म.न.पा. नगरकार्यापालिकाको कार्यालयको राजश्व शाखामा खोलिनेछ । बोलपत्र खोल्ने अन्तिम दिन बिदा परे त्यसपछि कार्यालय खुलेको दिन खोल्ने कार्य हुनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन E-Bidding मार्फत बोलपत्र पेश गर्ने फर्म वा कम्पनीले PPMO को Website: www.bolpatra.gov.np मा भएको प्रावधान अनुसार बोलपत्र पेश गर्न सकिनेछ र विद्युतीय माध्यमबाट बोलपत्र पेश गर्ने फर्म, कम्पनीले बोलपत्र दाखिला गर्ने अन्तिम मितिको ७ दिन भित्र सक्कल डकुमेन्ट अनिवार्य पेश गर्नुपर्नेछ । प्रिबिड मिटिङ्ग मिति २०८३/०३/०५ गते दिनको १.०० बजे बुटवल उपममहानगरपालिका राजश्व शाखामा बस्नेछ ।

३) वोलपत्रदाताले वोलपत्रसाथ आफुले कवोल गरेको कुल ठेक्का अंक (मू.अ. कर सहित) को ५ प्रतिशतले हुने धरौटी रकम यस कार्यालयको रा.वा. बैंक बुटवल शाखामा रहेको कार्यालयको कोड नं. ८०१०५४८०१ धरौटी खाता नं. ३१२०१००३०३००००२ मा जम्मा गरेको सक्कलै भौचर वा वोलपत्र दाखिला गर्नुपर्ने अन्तिम मितिले कम्तीमा ९० दिन सम्म म्याद भएको बुटवल उपमहानगरपालिका नगरकार्यापालिकाको कार्यालयको नाममा नेपाल राष्ट्र वैकवाट मान्यता प्राप्त क वर्गको वाणिज्य बैंकबाट जारी गरिएको बैक जमानीपत्र (विडवण्ड)पेश गर्नुपर्नेछ ।

४) वस टर्मिनल सञ्चालन तथा व्यवस्थापन अन्तर्गत सो टर्मिनलमा सेवा प्रयोग गरे वापत सवारी साधनबाट लिइने सेवा शुल्कः, शौचालय तथा स्नानघर प्रयोग वापत सेवाशुल्क असुली कार्य पर्दछ । सेवा शुल्कको दररेट बोलपत्र फारममा उल्लेख गरिएको छ ।

५) सञ्चालकले बस टर्मिनल सञ्चालन तथा व्यवस्थापनमा गर्नु पर्ने कार्यहरु र गर्न नपाइने कार्यहरुको विवरण बोलपत्र फारममा उल्लेख गरिएको छ ।

६) अन्य शर्त र प्रावधानहरुको विस्तृत विवरण वोलपत्र फारममा दिईएको छ । थप जानकारीका लागि बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

दीपक ज्ञवाली
प्रमुख प्रशासकीय अधिकृत
सहसचिव

७) कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने/नगर्ने सम्पूर्ण अधिकार बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयमा सुरक्षित रहनेछ ।

८) अन्य कुराहरु स्थानीय सरकार संचालन ऐन २०७४, सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली २०६४, आय ठेक्का वन्दोवस्त गर्ने सम्वन्धी नियमावली २०७६, बुटवल उपमहानगरपालिकाको सालवसालि प्रकाशित हुने आर्थिक ऐन र प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

तपसिलः

| ठेक्का नं. | कामको बिवरण | न्यूनतम ठेक अंक (मू.अ. कर सहित) | ठेक्का अवधी र आर्थिक वर्ष |
|---|---|---|---|
| ०८/२०८२/०८३ | लुम्बिनी वस टर्मिनलको संचालन तथा व्यवस्थापन तोकिए वमोजिमको समग्र प्याकेज | रु. २,८१,६०,०००/-(दुई करोड एकासी लाख साठी हजार रुपैया मात्र) | आ.व. २०८३/०८४ र २०८४/०८५ (२०८३ श्रावण १ देखि २०८५ असार मसान्तसम्म) |

बुटवल उपमहानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
बुटवल ।